म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५० मंगलबार २४ पुस २०८० ने. सं. ११४४ थिल्लागा 9 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं, बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँडदा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रियसभा निर्वाचन

# बागमतीको चार सिटमा १५ जना उम्मेद्वार, गठबन्धनको मतभार दोब्बर

निशा गुरुङ

हेटौंडा, २३ पुस/आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनमा बागमती प्रदेशको चार सिटका लागि १५ जनाले उम्मेद्वारी दर्ता गराएका छन् ।

सोमवार हेटौंडास्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगेर सत्तारुढ गठबन्धनको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबाट चार जना, नेकपा एमालेको तर्फबाट चार जना, राप्रपातर्फबाट तीनजना र नेपाल मजुदर किसान पार्टी (नेमकिपा)बाट ४ जना गरी जम्मा रिक्त ४ सिटका लागि १५ जनाले उम्मेद्वारी दर्ता गराएको प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश, हेटौंडाका निमित्त निर्वाचन अधिकारी ताराप्रसाद आचार्यले जानकारी दिए ।

राष्ट्रियसभामा बागमतीको ४ सिट एमालेका दिलकुमारी रावल र रामचन्द्र राई, नेकपा एकीकृत समाजवादीका सिंगबहादुर विश्वकर्मा र स्वतन्त्र सांसद खिमलाल देवकोटाको कार्यकाल सकिएसँगै रिक्त पदमा निर्वाचन हुन लागेको हो । रावल महिला, राई अपांगता/अल्पसंख्यक, विश्कर्मा दलित र देवकोटा अन्य समूहबाट निर्वाचित भएका थिए । अब ती चारवटै समूहमा छुट्टाछुट्टै प्रतिस्पर्धा हुने भएको छ ।



सत्तारुढ गठबन्धनको कांग्रेसबाट महिला क्लस्टरमा काठमाडौंकी विष्णुदेवी पडासैनी, कांग्रेसबाटै अन्य क्लस्टरबाट ललितपुरका जीतजंग बस्नेतले उम्मेद्वारी दिए । गठबन्धनकै माओवादी केन्द्रबाट अपाङ्ग क्लस्टरमा श्रीकृष्ण अधिकारी र एकीकृत समाजवादीबाट दलित क्लस्टरका घनश्याम रिजाल विश्वकर्माले मनोनयन दर्ता गरेका हुन् । यसैगरी, राष्ट्रियसभा सदस्य निर्वाचनका लागि नेकपा एमाले महिला क्लस्टरमा दोलखाकी रोजकुमारी चौलागाइ, अन्यमा काठमाडौंका विवेक देवकोटा, दलित क्लस्टरमा धादिङ्का ध्रुव विश्वकर्मा र अपाङ्गता क्लस्टरमा चितवनका त्रिलोचन निर्मल पौडेलले मनोनयन दर्ता गरेका छन् ।

राप्रपाको अन्य क्लस्टरमा काठमाडौंका हेमजंग गुरुङ, महिला क्लस्टरमा मकवानपुरकी बालकुमारी डल्लाकोटी र अपाङ्ग क्लस्टरमा चितवनका भरतमणि भट्टले उम्मेदवारी दर्ता गराएका थिए । राप्रपाले दलित क्लस्टरमा भने उम्मेदवारी दिन पाएन । दलित क्लस्टरमा उम्मेदवार बनाइएका पूर्णबहादुर विश्वकर्माको उम्मेर कम भएको भन्दै मनोनयन दर्ता हुन सकेन । विश्वकर्मा उम्मेदवारी दर्ता गर्न तयारीका साथ निर्वाचन कार्यालय आइपुगेका थिए । राष्ट्रियसभा सदस्य पदमा उम्मेदवारी दिन ३५ वर्ष पूरा भएको हुनुपर्ने कानुनी प्रावधान अनुसार उनको मनोनयन दर्ता नभएको हो ।

यसैगरी, नेपाल मजुदर किसान पार्टी (नेमकिपा)बाट अन्य क्लस्टरमा काठमाडौंका श्रीकृष्ण महर्जन, महिला क्लस्टरमा भक्तपुरकी कृष्णलक्ष्मी दुवाल र दलित क्लस्टरमा भक्तपुरकी संगीता नेपालीले मनोनयन दर्ता गराए । स्थानीय तह प्रमुख उपप्रमुख र प्रदेशसभा सदस्यहरु मतदाता हुने यो मतदानको नजिता मतभारका आधारमा हुन्छ । जसअनुसार प्रदेशसभा सदस्यको ५३ र स्थानीय तह प्रमुख/उपप्रमुखको १९ मतभार तोकिएको छ ।

१ सय १९ वटा स्थानीय तह रहेको बागमती प्रदेशमा स्थानीयतर्फ ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका छन् । जसमध्ये दोलखाको १ पद रिक्त भएपछि २ सय ३७ जनाले मतदान गर्ने छन् । जसको मतभार ४ हजार ५ सय ३ हुन आउँछ । प्रदेशसभातर्फ १ सय १० जना सदस्य छन् । जसको मतभार ५ हजार ८ सय ३० मतभार हुन आउँछ । स्थानीय तह र प्रदेशसभा सदस्यको गरी बागमतीमा १० हजार ३ सय ३३ मतभार हुन आउँछ ।

**कसको मत कति मतभार ?**

बागमतीमा प्रदेशसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका ३७ जना सदस्य छन् । जसको मतभार १ हजार ९ सय ६१ हुन आउँछ । स्थानीय तहतर्फ नेपाली कांग्रेसका पालिका प्रमुख र उपप्रमुख गरी १ सय ७ जनप्रतिनिधि मतदाता छन् । जसको मतभार २ हजार ३३ छ । यसरी हेर्दा राष्ट्रियसभामा बागमती प्रदेशको नेपाली कांग्रेस एक्लैको ३ हजार ९ सय ९४ मतभार छ ।

सत्तारुढ दल माओवादी केन्द्रबाट बागमती प्रदेशसभामा २१ जना सदस्य छन् । जसको मतभार १ हजार १ सय १३ मतभार हुन्छ । स्थानीय तहतर्फत माओवादी केन्द्रको नगरप्रमुख, उपप्रमुख र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष गरी ५७ जना र हेका छन् । जसको मतभार १ हजार ८३ हुन आउँछ । माओवादी केन्द्रको प्रदेशसभा सदस्य र स्थानीय तहको कुल मतभार २ हजार १ सय ९६ छ । एकीकृत समाजवादीबाट बागमती प्रदेशसभामा ७ जनाको उपस्थिति छ । जसको मतभार ३ सय ७१ हुन आउँछ । यस्तै स्थानीय तहतर्फ नगरप्रमुख, उपप्रमुख र गाउँपालिका अध्यक्ष, उपाध्यक्षगरी ९ जना निर्वाचित भएका छन् । जसको मतभार १ सय ७१ छ । एकीकृत समाजवादीको कुल मतभार ५ सय ४२ छ ।

एमालेले बागमती प्रदेशमा प्रदेशसभामा २७ सिट जितेको छ । जसको मतभार १ हजार ४ सय ३१ हुन आउँछ । स्थानीय तहतर्फ एमालेले नगरप्रमुख, उपप्रमुख र गाउँपालिका अध्यक्ष, उपाध्यक्षगरी ६० जना निर्वाचित भएका छन् । जसको मतभार १ हजार १ सय ४० हुन आउँछ । प्रदेशसभा सदस्य र स्थानीय तहका गरी एमालेसँग २ हजार ५ सय ७१ मतभार छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट बागमती प्रदेशसभामा १३ जनाको प्रतिनिधित्व छ । जसको मतभार ६ सय ८९ हुन आउँछ । स्थानीय तहतर्फ राप्रपाको १ जना निर्वाचित भएका छन् । जसको मतभार १९ छ । प्रदेशसभा सदस्य र एक स्थानीय तहका जनप्रतिनिधि गरी राप्रपाको कुल ७ सय ८ मतभार छ । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को बागमती प्रदेशसभामा ३ सिट छ । जसको मतभार १ सय ५९ हुन आउँछ । नेमकिपाको स्थानीय तहतर्फ २ जना जनप्रतिनिधि रहेकाले जसको मतभार ३८ हुन आउँछ । ३ प्रदेशसभा सदस्य र दुई स्थानीय तहका जनप्रिनिधि गरी नेमकिपाको कुल १ सय ९७ मतभार छ ।

सत्ता गठबन्धन दलबाट बागमतीमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीको उपस्थिति छ । यसरी मिलेर राष्ट्रियसभाको चुनावमा मतदान हुँदा कांग्रेसको ३ हजार ९ सय ९४, माओवादीको २ हजार १ सय ९६ र एकीकृत समाजवादीको ५ सय ४२ गरी ६ हजार ७ सय ३२ मतभार गठबन्धनको पक्षमा आउनेछ । एमाले र राप्रपा मिलेर चुनावमा जाँदा पनि गठबन्धनसामु उसको मतभार निकै कम हुनेछ । एमालेको २ हजार ५ सय ७१ र राप्रपाको ७ सय ८ जोड्ना उनीहरुको पक्षमा ३ हजार २ सय ७९ मतभार हुनेछ । यसरी अंकगणित हेर्दा राष्ट्रियसभा निर्वाचनमा सत्तारुढ गठबन्धनको पल्ला भारी हुने देखिएको छ ।

# ६५ घर चेपाङलाई लालपुर्जा दिन राजनीतिक सहमति

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुरको राक्सिराङ र मनहरी गाउँपालिकामा २०३४ सालदेखि बसोबास गर्दै आइरहेका ६५ जना चेपाङ परिवारलाई भूस्वामित्व प्रदान गर्नका लागि राजनीतिकरुपमा सहमति जुटेको छ । यद्यपि, लालपुर्जा प्रदान गर्नेगरी प्रक्रिया अघि बढाउन बाँकी छ ।



राक्सिराङ गाउँपालिकाको चैनपुरमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै विभिन्न कालखण्डमा तत्कालीन प्रजा विकास कार्यक्रमको नाममा जग्गा खरिद गरी चेपाङ परिवारलाई बितरण गरिएको जग्गाको स्वयम् जग्गाधनीलाई नै लालपुर्जा दिन सरोकारवाला आँतुर देखिएका हुन् । प्रजा विकास कार्यक्रम अन्तर्गत राक्सिराङ गाउँपालिका-५ चैनपुर, ठाडेचुरी, राक्सिराङ गाउँपालिका-३ को घट्टेखोला, राक्सिराङ गाउँपालिका-७ को गर्लिङ र मनहरी गाउँपालिका-७ को प्याङ्चे र मनहरी गाउँपालिका-८ को मुस्लेमा जग्गा खरिद गरी चेपाङलाई बितरण गरी बस्ती स्थापना गरिएको थियो ।

कूल १० बिगाह १० कठ्ठा १६ धूर र २७ रोपनी ९ आना १३ पैसा जग्गा खरिद गरी तत्कालीन प्रजा विकास कार्यक्रम अन्तर्गत ६५ घर परिवार चेपाङलाई उपलब्ध गराइएको तत्कालीन जिल्ला विकास समितिका कर्मचारी एबम् चेपाङ क्षेत्रमा ३३ वर्ष कार्य गरेका राजाराम थापाले बताए । 'ओढार मा जीवन बिताउँदै आएका चेपाङलाई नयाँ घर बनाइदिएर सरकारले बनाइदिएको घरमा नबसे जेल हाल्छु समेत भनेर मैले व्यवस्थापन गरेको सम्झन्छु', थापाले भने-'घरभित्र भूतप्रेतको बास हुन्छ भनेर बस्न नमानेका मान्छेहरुको जीवन अहिले उत्तरार्धतिर छ, उनीहरु जीवित हुँदै लालपुर्जा हस्तान्तरण गर्दा धेरै राम्रो हुनेछ ।'

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले आफूहरुले पटकपटक ती बस्तीको अनुगमन गरिसकेको बताउँदै उनीहरुलाई लालपुर्जा दिन आफूहरु सदैब तयार रहेको र प्रक्रिया अघि बढेको बताए । उनले अब गाउँपालिकाले गाउँसभाबाट पास गरेर ती बिषयहरु जिल्लासभामा पठाउनुपर्ने र जिल्ला समन्वय समितिले प्रक्रिया अघि बढाएर जतिसक्दो छिटो पुर्जा दिनका लागि पहल गर्ने बताए । उपप्रमुख सानुकाजी लुइँटेलले पनि यो छलफल र अन्तरक्रियाको बिषय नभएर पुर्जा प्रदान गर्ने बिषय हो भन्दै आफूले निरन्तर यसबारेमा पहल गरिरहेको र पुराना सबै कागजपत्रको संकलन जिल्ला समन्वय समितिको तर्फबाट भइरहेको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेश सरकारका पूर्वभौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङले चेपाङ विकास कार्यक्रमलाई रोक्ने र चेपाङ संरक्षित क्षेत्र घोषणा गरी थप बजेट व्यवस्थापन गर्ने कार्यलाई रोकेर सरकारले अन्याय गरिरहेको बताए । संविधान सभाका सदस्य एबम् नेपाल चेपाङ संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङले चेपाङलाई भूस्वामित्व प्रदान गर्नका लागि सबै क्षेत्र, तहबाट भइरहेको प्रयासको प्रशंसा गरे । उनले राक्सिराङ गाउँपालिकाले निर्माण गरेको चेपाङ संग्रहालयलाई राष्ट्रिय संग्रहालयको रुपमा विकास गरिनुपर्ने धारणा राखे ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले चेपाङ संरक्षित क्षेत्र घोषणा गर्ने कुरा र चेपाङ समुदायले सहुलियत पाउने कुरामा प्रदेश सरकार र संघीय सरकार चुकेको बताए । स्थानीयस्तरबाटै सरकार सञ्चालन गर्ने ठाउँमा नेताहरु नपुगेसम्म चेपाङको मुद्दा उठ्ने वातावरण समेत नबनेको उनको भनाई थियो । 'जसको लागि विकास गर्ने हो, उसैको सहभागिता भएन भने त्यो विकास गतिलो हुँदैन', अध्यक्ष मल्लले भने-'अहिले हामीले दिएको सुझावको आधारमा चेपाङ, चिउरी र चमेरो कार्यक्रमको कार्यविधि बनेको छ, जहाँ हामीसहित सबै चेपाङ समुदायको सहभागिता थियो ।

कार्यक्रममा चेपाङ संघका पूर्वकोषाध्यक्ष रविन्द्रकुमार चेपाङ, बागमती प्रदेश अध्यक्ष खुसीलाल चेपाङ, ५ नं वडाध्यक्ष हरिबहादुर प्रजालगायतले पनि धारणा राखे । फियान नेपालले आयोजना गरेको कार्यक्रममा राजेन्द्र बस्नेतले सहजीकरण गरेका थिए ।

**फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

# तीन जनालाई सम्मान गर्दै मुक्तक मञ्च



साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/मुक्तक मञ्च मकवानपुरले ३ जना मुक्तककारलाई सम्मान गर्ने भएको छ । मञ्चले मकवानपुरे मुक्तककार बिर्खे अन्जानसहित पोखराका दीपक समीप, हरिकृष्ण काफ्लेलाई सम्मान गर्ने भएको छ ।

इन्दिरादेवी स्मृति मुक्तक सम्मान, २०८० बाट मकवानपुरको थाहा नगरपालिकाका बिर्खे अञ्जान सम्मानित हुने भएका छन् । सम्मानको राशी ५ हजार ५ सय ५५ रुपैया रहेको छ । गतवर्ष यो सम्मानबाट माध्यमिक तहस्तरीय मुक्तक प्रतियोगिता विजेता समर्पण न्यौपाने सम्मानित भएका थिए ।

मुक्तक मञ्च मकवानपुर अध्यक्ष डिबी बर्तौलाद्धारा आफ्ना पिताको स्मृतिमा स्थापित बहादुरानन्द स्मृति मुक्तक सम्मान, २०८० बाट पोखराका मुक्तककार दीपक समिपलाई सम्मानित गरिने भएको छ । यो सम्मानको राशि ७ हजार ७ सय ७७ रुपैयाँ रहेको छ । गतवर्ष यो सम्मानबाट सिन्धुलीका मुक्तककार लोकेन्द्र डहरे सम्मानित भएका थिए ।

यसैगरी मुक्तक मञ्च मकवानपुरका उपाध्यक्ष किशन पौडेलद्वारा आफ्ना बाबुको स्मृतिमा स्थापित तारा स्मृति मुक्तक सम्मान, २०८० रौतहटका मुक्तककार हरिकृष्ण काफ्लेलाई सम्मानित गरिनेछ । यो सम्मानको राशि ७ हजार ५ सय रुपैयाँ रहेको छ । गतवर्ष यो सम्मानबाट मकवानपुरका देवराज खरेल सम्मानित भएका थिए । यो सबै सम्मान मुक्तक मञ्च मकवानपुरको अधिवेशनको दिन आगामी माघ २७ गते प्रदान गरिने बर्तौलाले बताए ।

# मनहरीमा अचेत अवस्थामा भेटिएका पुरुषको उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुरको मनहरी खोला बगरमा अचेत अवस्थामा भेटिएका पुरुषको उद्दार गरिएको छ । मनहरी गाउँपालिका-८ सिमपानीस्थित मनहरी खोलाको बगरछेउ बस्ती नजिकैबाट ३० बर्षीय संजीव बिकको उद्दार गरीएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार सोमबार बिहान ५ बजेर ४५ मिनेटको समयमा विककलाई अचेत अवस्थामा देखेपछि स्थानीय अटो चालकले उद्दार गरी उपचारका लागि स्थानीय मेडिकलमा लगेका थिए । उनलाई सामान्य उपचार पश्चात थप उपचारको लागि भरतपुर चितवनतर्फ पठाईएको प्रहरीले जनाएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७०२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पर्यटक लक्षित योजना खोई ?

हेटौंडामा रहेका ब्यवसायीले पर्यटकलाई गर्ने ब्यवहारमा खासै परिवर्तन आएको छैन । नेपालमा सबैभन्दा धेरै बाह्य पर्यटक आउने क्षेत्र भनेको सगरमाथा र अन्नपूर्ण क्षेत्र हो । काठमाडौं भ्यालीको बसाइमा पर्यटकले जति खर्चन्छन् त्यो भन्दा धेरै रकम मोफसलको पदयात्रामा खर्चन्छन् । अन्नपूर्ण, मनास्लु, सगरमाथा, कञ्चनजंघा, क्षेत्रका ब्यवसायीले पर्यटकलाई गर्ने स्वागत राम्रो छ । पर्यटकलाई खुशी बनाएर उनीहरुको मन जितेर ब्यवसायीले सफलता हासिल गरिरहेका छन् । हेटौंडाका ब्यवसायीले गर्ने स्वागत सत्कारमा के कुराको कमी छ कि भन्ने बिषयमा हामीले बहस चलाउनु जरुरी छ । ब्यवसायीले पर्यटकलाई 'अतिथि देवो भव' को ब्यवहार गर्न सकेको खण्डमा पर्यटक आकर्षित हुनेछन् । तर, हामीकहाँ 'मुर्गा संस्कृति' फेरिन सकेको छैन ।

पर्यटकहरुसँग 'पटके ब्यवहार' गर्ने परम्परा परिबर्तन गर्नैपर्छ । यसका लागि तीनै तहका सरकारले ब्यवसायीलाई आवश्यक तालिम प्रदान गरी दक्ष बनाउनु जरुरी छ । हेटौंडाका होटल ब्यवसायीले पर्यटकलाई दिनभरि घुम्नका लागि सवारी साधन ब्यवस्थापन गर्नु जरुरी छ । उदाहरणका लागि गाडी चढेर घुम्न चाहनेका लागि साना सवारी, विद्युतीय सवारी, मोटरसाइकल आदिको ब्यवस्था देखिँदैन । यतिसम्म कि यहाँका ठूला भनिने होटलहरुले २/४ वटा साइकल राखेर पर्यटकलाई घुम्ने रुटको ब्यवस्थापन गर्न सकेका छैनन् । पर्साको ठोरीमा गतवर्ष खुलेको होटलले पर्यटकलाई भाडामा साइकल उपलब्ध गराउन थालेको छ । पोखरामा पनि पर्यटकले भाडामा साइकल लिएर घुमफिर गरिरहेका हुन्छन् । हेटौंडा आइपुगेका बाह्य वा आन्तरिक पर्यटकलाई कस्तो सुबिधा उपलब्ध गराउँदा उनीहरुको हेटौंडामा बसाइ लम्ब्याउन सकिन्छ भन्ने बिषयमा खासै अध्ययन भएको छैन । आन्तरिक होस वा बाह्य पर्यटकको बसाइ लम्ब्याउने उपायको खोजी गर्न जरुरी छ । बसाइ अवधि बढेको खण्डमा यहाँको ब्यवसाय बढ्ने हो ।

अर्को पक्ष भनेको नेपाल सरकाले कर्मचारीलाई वर्षमा एकपटक सरकारी खर्चमा आन्तरिक भ्रमणका लागि छुट्टी दिने गरेको छ । तर, त्यसबाट पर्यटन ब्यवसायमा कस्तो प्रभाव परेको छ ? भन्ने बिषयमा अध्ययन हुन सकेको छैन । धेरैलाई हेटौंडामा पनि घुम्न मिल्ने गज्जबका स्थानहरु छन् भन्ने जानकारी छैन । त्यसैले हेटौंडाको पर्यटकीय चहलपहल र होटलहरु सुस्त गतिमा चलिरहेका छन् । हेटौंडाको सहीदस्मारक वर्षमा ५ लाख पर्यटकले घुम्ने स्थान हो । यहाँ विभिन्न जिल्लाबाट पर्यटक आउँछन् तर, राजमार्गको सहज पहुँच रहेका कारण यहाँ आएकालाई घुमफीर गर्न बढीमा ३ घण्टा नै काफी हुन्छ । त्यसपछि हेटौंडामा कहाँ घुम्न जाने ? जिल्लाबाहिरका पर्यटकलाई कुनै पत्तो छैन । सहीदस्मारक आएर घुम्नेहरु कि सौराहा लाग्छन् कि त सीमभञ्ज्याङ । हेटौंडामा एकरात पर्यटकलाई बसाउने गरी कुनै सम्भावित गन्तव्यलाई प्रवर्द्धन गरिएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २५ गते बुधबार १० जनवरी २०२४ । चतुर्दशी, पौष कृष्णपक्ष । थिंलागा ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# लोकतान्त्रिक समाजवाद कि सामाजिक समाजवाद ?



✍ बिकेश श्रेष्ठ "कुशल"

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले केही समय अगाडि एक अन्तर्वार्तामा कम्युनिस्ट प्रणाली नरहने ठोकुवा गरेका छन् । उनले भनेका छन्, 'तपाईंले लेखेर राख्नुहोला, अब कम्युनिस्ट प्रणाली भन्ने नै र हुँदैन । किनकि त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो । कम्युनिस्ट घोषणापत्रको सार साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो । तर निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ । निजी सम्पत्तिको कारणले नै सभ्यता यहाँसम्म आइपुगेको छ ।'

परन्तु डा. भट्टराईले 'कम्युनिस्ट समाज' को बारेमा प्रश्न उठाएर समाजवादको परिभाषा यसरी गरेका छन्– 'माओवादी छाडेपछि मेरो प्रयत्न अब शास्त्रीय साम्यवाद होइन, समाजवाद मात्रै भने पुग्छ भन्नेमा रहँदै आएको छ । नयाँ शक्ति हुँदै अहिले समाजवादी पार्टीसम्म यही प्रयोग गरेका छौं । लोकतन्त्र सहितको समाजवादमा तीन तत्व हुन्छन्- स्वतन्त्रता, समानता र समृद्धि । यही प्रणाली नै अहिलेको युगको समुन्नत समाजवाद हो ।'

वैज्ञानिक समाजवाद अर्थात् कम्युनिज्मका सूत्रधार स्वयं कार्ल मार्क्सले भनेका छन्- 'सम्पत्ति विना उत्पादन हुन सक्दैन, तसर्थ निजी सम्पत्ति खासरूप हो । जबकि इतिहासको सम्पत्ति आधारभूत हुन् ।'

मार्क्सको विचारमा पूँजी र पूँजीपति हुनु नराम्रो होइन । पूँजीपति हुनुको तात्पर्य व्यक्तिगत मात्र होइन, बरू सामाजिक स्थान ग्रहण गर्नु पनि हो । पूँजी एक सामूहिक उपज हो । समाजका अनेक सदस्यहरूको प्रयासले मात्र, अन्त्यमा समाजका सबै सदस्यहरूको प्रयासले मात्र त्यसलाई गतिशील तुल्याउन सकिन्छ ।

मार्क्सले अझ स्पष्टता साथ पूँजीको सामाजिक चरित्रबारे भनेका छन्– 'पूँजी व्यक्तिगत मात्र होइन, सामाजिक शक्ति हो । यदि सामाजिक सम्पत्तिमा परिणत हुन्छ भने अर्थात् त्यसलाई समाजका सबै सदस्यहरूको हक लाग्ने सम्पत्तिको रूप दिइन्छ भने त्यो व्यक्तिगत स्वामित्वको सामाजिक रूपान्तरण होइन, खाली सम्पत्तिको सामाजिक रूप बदलिन्छ, त्यसको वर्गीय रूप गुमाउँछ ।'

कार्ल मार्क्सका उपरोक्त विचार नै वैज्ञानिक समाजवादको अर्थ-राजनीतिको वैचारिक आधार हुन् भन्ने सवालमा मार्क्सवादीहरूमा कतै कुनै द्विविधा छैन । तर वैज्ञानिक समाजवाद बुझ्ने र लागू गर्ने सन्दर्भमा भने विविधता रहेका छन् ।

सोभियत समाजवादी क्रान्ति हुँदै चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिसम्मको वैज्ञानिक समाजवादी प्रयोगहरू भिन्न-भिन्न परिवेश र स्वरूपमा लागू गर्ने प्रयास भएका हुन् । तर ती सबै प्रयासहरू समाजवादको अभ्यासका रूपमा स्थापित रहिरहेका छन् । वर्ग-संघर्षको यी महान् संघर्षलाई कसैले कसरी नकार्न सक्छ होला !

कम्युनिस्ट अर्थात् समाजवादी समाज असम्भव होइन । तर यसको भाष्य र प्रयोगमा भने विरोधाभासहरू रहिरहेका छन् । पेरिस कम्युनलाई निश्चय नै कम्युनिस्टहरूको कम्युनिज्मको मोडल मानियो, जुन कम्युनको सुरुआती थियो । त्यसको विकसित र रुपान्तरित कम्युनिज्म चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति हो । यो मान्न भने प्राय: कम्युनिस्ट पार्टीहरूले अस्वीकार गरे ।

सर्वहारा सांस्कृतिक क्रान्ति त्यसभन्दा पहिले सम्पन्न भएको अग्रगामी महान् छलाङका समयमा प्रयोग भएको 'कम्युन प्रणाली' भन्दा विकसित थियो । त्यसमा राज्य र पार्टीको नोकरशाही विरुद्ध जनसमुदायको समानान्तर समाजको विकास गरेका थिए । त्यसैको मानवीय विकासको आधारमा आजको समुन्नत चिनियाँ समाज खडा भएको छ ।

जनवादी-राष्ट्रिय क्रान्ति हुँदै अग्रगामी महान् छलाङ एवं सांस्कृतिक क्रान्तिसम्मको प्रयोग र विकासले तयार पारेको मानविकी विकासको आधार विना एक सय वर्षमा युरोप, अमेरिकी विकासको हाराहारीमा पुग्न पूँजीवादको बलबुताले मात्र सम्भव थिएन, जो मान्छेहरू सोच्ने गर्छन् ।

सांस्कृतिक क्रान्तिकालमा राजनीतिक, आर्थिक र सामाजिक रूपमा स्वतन्त्र समाजको सर्वोच्चता स्थापित गरिएको थियो । समाजवादी समाज निर्माणका लागि पार्टी र राज्यसंयन्त्र साधक होइन, बाधक रहेको पुष्टि सांस्कृतिक क्रान्तिले गरेको थियो ।

हाम्रो समाजमा समाजवादको आफू अनुकूल व्याख्या गरेर घुमिफिरी पूँजीवादी लोकतान्त्रिक समाजवादमा पुऱ्याउनेहरूको बोलवाला छ । उनीहरूको वर्गसंघर्ष होइन, 'मेलमिलाप, सहयोग, सहकार्य' मा जोडबल हुने गर्छ ।

वास्तविकता यो हो कि अहिले झन् झनै उत्पीडन, शोषण, अन्योल र अराजकता व्याप्त छ । राज्य-पार्टीका संयन्त्र जनताको आँखामा, मनमा भ्रष्ट र पदलोलुप देखिन्छन् । भलै कतिपय राज्य, सरकार प्रमुख अधिकारी र दलका नेताहरूका कम बेसी असल, नैतिकवान् र जनपक्षीय होलान् । यही कारणले पनि सामाजिक विकल्प अनिवार्य छ ।

जबदेखि पूँजी निर्माण र पूँजीवादी समाज अस्तित्वमा आयो, तबदेखि नै मजदुर, किसान तथा श्रमिक समुदायको समतामूलक समाज अस्तित्वमा रहिआएको छ । सबै शोषित वर्ग, उत्पीडित समुदायहरू पूँजीवादको चरम अवस्था अर्थात् सर्वत्र एकाधिकार र उत्पीडनको शिकार बाट उन्मुक्ति प्राप्त गर्न आज पनि विश्वव्यापी आन्दोलित छन् । यी सबैको साझा उद्देश्य समतामूलक, समुन्नत सामाजिक समाज हो ।

नेपालमा जनयुद्धको घोषित उद्देश्य पूरा भएन, यसको अर्थ समाज विज्ञान नै गलत भएको भने होइन । त्यो संघर्षको एक रूप थियो । संघर्षको एउटा रूप र तरिका असफल हुनुको अर्थ विचारधारा वा सामाजिक विज्ञान असफल भएको मानिँदैन । समुन्नत सामाजिक समाजको अर्थात् कम्युनिज्मको विचारधारा असत्य हुन सक्दैन । बरु वर्गीय समाज विकासको अन्तर विरोधहरूले त्यसको आवश्यकता र औचित्य पुष्टि गरिरहेछ ।

त्यो वैज्ञानिक समाज स्थापनाका निमित्त संघर्षका अनेक रूपहरूको प्रयोग सँगसँगै समानान्तर रूपले स्वाधीन स्वायत्त सामाजिक समाजको निर्माण र विस्तारमा ठोस र घनीभूत ढंगबाट मिहिनेत गर्नुपर्ने छ । राज्य सत्ता र सरकारमा पहुँच र वर्चस्व कायम गरेर विकास बजेटबाट गाउँ-ठाउँको विकास गरेर, बाँडेर समाजवादको आधार बन्ने होइन, बरु पूँजीवादलाई मात्र बलियो बनाउँछ । न त सामाजिक सुरक्षाको राहत र सुधार कार्यक्रमहरूले समाजवादी आधार तयार हुन्छ । जुन कम्युनिस्ट पार्टीहरूको बुझाइमा अझै पनि पूँजीवादको विकास विना समाजवादको कल्पना पनि गर्न सक्दैनन् । जबकि पूँजीवाद र समाजवाद विपरित ध्रुव हुन् । जसले एक अर्कोलाई निषेध र ध्वंस गर्न सम्पूर्ण शक्ति लगाउँछ ।

लेनिनको 'पूँजीवादको बाटो भएर समाजवाद पुग्ने' सिद्धान्तको प्रयोग गरेर सोभियत समाजवादको स्वरूप निर्माण भएको थियो । त्यसैलाई नमूना मानेर चीन समेत विश्वभर त्यो विचार 'पूँजीवादी चरण' अर्थात् 'जनवादी-क्रान्ति' लाई न्यूनतम कार्यक्रम मानेर पूँजीवादका लागि सम्पूर्ण समर्पण गरियो । तत्कालीन विश्व परिवेशको अवसरमा चिनियाँ, कोरियन र भियतनामी क्रान्ति बाहेक प्राय: अधिक देशमा राष्ट्रिय जनवादी क्रान्ति अधुरो रहे ।

पूँजीवादको वैश्विक अर्थ-राजनीतिक व्यवस्थाको युगमा फेरि पूँजीवादी क्रान्ति र आधारको औचित्य कसरी पुष्टि हुन्छ ? जबकि प्रारम्भदेखि नै समाजवादको लागि समाजवादी अर्थ-राजनीति, सांस्कृतिक र सामाजिक आधारको निर्माण तथा सृजना आवश्यक हुन्छ । यो समाजवादी आन्दोलनको अनुभवले पुष्टि गरेको छ ।

जसरी पूँजीवादी समाजभित्र समाजवादी विचार र आधार अंकुरित हुन्छन् त्यसरी नै समाजवादी समाज भित्र पनि पूँजीवादी अवशेष जीवित, पुनर्जीवित तथा अस्तित्वमा सदिऔंसम्म रहिरहन्छन् । यसकारण पूँजीवाद र समाजवाद वर्गीय समाज रहँदासम्म शान्तिपूर्ण, जुझारु र सशस्त्र संघर्षको सहअस्तित्वमा रहन्छ ।

यसकारण पूँजीवाद र समाजवाद वर्गीय समाज रहँदासम्म शान्तिपूर्ण, जुझारु र सशस्त्र संघर्षको सहअस्तित्वमा रहन्छ । यसको अर्थ हो कि पूँजीवादी व्यवस्था तथा राज्य-सरकार नियन्त्रित राष्ट्र-राज्यमा समाजवादी समाजको अस्तित्व र अभ्यास सम्भव हुन्छ, यो समग्र अर्थ-राजनीति तथा सामाजिक क्रान्तिको रूपमा निरन्तर जारी रहन्छ । समाजवादी समाज, सत्ता अभ्यास र सरकार अन्तर्गत पूँजीवादको अवशेषलाई अस्वीकार वा निषेध गर्न सकिँदैन । पूँजीवाद र समाजवाद सहअस्तित्वमा कैयौं दशक र शताब्दीसम्म प्रतिस्पर्धात्मक रूपमा कायम रहनेछ भन्ने सच्चाइलाई मनन् गर्नु आवश्यक छ ।

यसको यो पनि अर्थ हो कि वर्तमान विश्व व्यवस्थामा राज्यसत्तामाथि पूर्ण वर्चस्व विना पनि असंख्य संख्यामा समाजवादको अभ्यास गर्न सम्भव छ । पूँजीवादी समाजसँग प्रत्यक्षरूपले प्रतिस्पर्धा गर्न सम्भव छ । माथिबाट राजनीतिक हस्तक्षेप र तल आधारमा जनसमुदायको राजनीतिक सशक्तीकरण (दलीय नोकरशाही मुक्त) सामाजिकता स्वाधीन स्वरूपको आर्थिक विकास (वित्तीय बजार नियन्त्रण मुक्त तथा अन्तर निर्भर अर्थव्यवस्था) मा आधारित जनसमाजको अभ्यासले जनसमुदायलाई समाजवाद उन्मुख बनाउनेछ । तर यसको लागि सांस्कृतिक क्रान्तिकालमा अभ्यास गरे झैं श्रमजीवी जनतालाई नै राजनीतिको मियो अर्थात् मेरूदण्ड जनतालाई नै बनाउनुपर्नेछ ।

जसरी समाज विकास विविधता र अन्तरविरोधी हुँदै विकासमान छ, त्यसैगरी समाजमा उत्पादन र वितरणमा विविधता र असमानता जारी रहन्छ । व्यक्तिको स्वतन्त्र विकास, मानिसको चेतनामा असमान विकास, सामाजिक विविधता सांस्कृतिक रुपान्तरणका विषयहरूले समाज विकासको स्वरूप र चरित्रलाई निर्धारण गर्छ ।

समाजका चालक शक्ति जनताको सामाजिक, सांस्कृतिक र आर्थिक स्तर र आपूर्तिले निर्धारण गर्छ । जनताको क्रय क्षमताको वृद्धि उसको उत्पादकत्व क्षमतामा भरपर्छ भने वैज्ञानिक समाजवाद सम्पत्ति वा निजत्वरहित कसरी कल्पना गर्न सकिन्छ ? जबकि व्यक्तिको स्वतन्त्र विकासले मानिससँग रहेको अपार क्षमता र गुणलाई समाज विकासमा कसरी लागू गर्ने यो नै वैज्ञानिक समाजको चुनौती बन्न जान्छ ।

निश्चय हो कि वैज्ञानिक समाजवाद बारे देश, परिस्थिति, समय, काल तथा समाज विकासको आधारमा परिभाषित र प्रयोग हुन्छन् । समाजवादी पनि वर्गीय हुन्छन् । एकथरी जसलाई पूँजीवादी समाजवाद भन्न सकिन्छ, जो जो यथास्थितिको राज्य व्यवस्थामा पहुँच वा वर्चस्व बनाउन सक्दछ ।

प्राय: ती सबै राजनीतिक शक्तिहरूले राज्यद्वारा संरक्षित पोषित वर्ग समुदाय बुर्जुवाहरूको पूँजी नियन्त्रित र व्यक्ति केन्द्रित समाज अर्थात् पूँजीवादी समाजवाद (समाजवादी ब्राण्ड मतदाताको बजारमा) बिकाउ छ, को पुर्पक्ष गर्दै आएका छन् ।

अर्को समाजवाद जो शोषण उत्पीडनबाट मुक्त अर्थात् स्वाधीन, स्वावलम्बी, स्वाभिमान जनसमुदाय श्रमजीवीहरूको सामाजिक समाज । जहाँ पूँजी, सम्पत्ति र प्रत्येक व्यक्तिको विकास सामूहिकता, सामाजिकता र मानव-प्रकृति विज्ञानको हितमा केन्द्रित हुन्छन् ।

यस्तो समाज सामाजिक सामुदायिक सर्वोच्चता होओस्ह राज्य व्यवस्था र पार्टी अस्तित्व निमित्त सहयोगीमा सीमित होस्ह समाजका चालक स्वयं सामाजिक समुदायमा निहित होऊन् । यी मान्यतालाई नै समतावादी सामाजिक समाजवाद मान्न सकिन्छ ।

जसरी समाज विकास विविधता र अन्तरविरोधी हुँदै विकासमान छ, त्यसैगरी समाजमा उत्पादन र वितरणमा विविधता र असमानता पूँजीवादको अवशेष रहँदासम्म युगौंयुगसम्म जारी रहन्छ । जसरी वर्तमानमा एक समाज, एक परिवारमा समेत प्रत्येक व्यक्ति विशेष विविधता सोच्ने विचार बौद्धिकता, उत्पादन, श्रम क्षमतामा असमानता हुने गरेका छन् । यही परिवेश समाजवादी समाजमा पनि रहिरहन्छन् ।

यस हिसाबले समाजवादी समाजमा झनै सम्पूर्ण मानिसहरू पूर्णरूपले बौद्धिक, मानसिक, शारीरिक र बहुआयामिक श्रम तथा उत्पादन क्षमताको विकास अनिवार्य हुनुपर्नेछ । न कि अहिले राज्यद्वारा पालित, पोषित र आश्रित भोटबैंक जस्तो । यसकारण प्रत्येक मानिसको उत्पादकत्व, श्रम क्षमताको विकासले उसको क्रय क्षमताको विकास गराउँछ र उसको आवश्यकता स्वयं पूर्ति गर्न सक्षम हुन्छन् । त्यही समाज नै उन्नत, सु-संस्कृत र समृद्ध मानिन्छ । त्यही समाज नै वैज्ञानिक समाजको विकसित रूप होला ।

यहाँ निजत्वको विलोप हुँदैन परन्तु प्रत्येक मानिसको व्यक्तित्व विकासको आधार र व्यवस्था हुने सामाजिक आर्थिक व्यवस्था हुनुपर्छ न कि अहिलेसम्म परिकल्पना र अभ्यास गर्दै आएको पार्टी र राज्य नियन्त्रित निर्देशित र संरक्षित भनिएको 'समाजवाद' ले श्रम शक्तिप्रधान तथा स्वाधीन स्वाभिमान समाजको विकास र विस्तार दुवै सम्भव भएनन् र हुँदैन पनि ।

व्यक्तिको स्वतन्त्र विकास, मानिसको चेतनामा असमान विकास, सामाजिक विविधता, सांस्कृतिक रुपान्तरणका विषयहरूले समाज विकासको स्वरूप र चरित्रलाई निर्धारण गर्छ । समाजका चालक शक्ति जनताको सामाजिक, सांस्कृतिक र आर्थिक स्तर र आपूर्तिले निर्धारण गर्छ । जनताको क्रय क्षमताको वृद्धि उसको उत्पादकत्व क्षमतामा भरपर्छ भने वैज्ञानिक समाजवाद सम्पत्ति वा निजत्वरहित कसरी कल्पना गर्न सकिन्छ ? जबकि व्यक्तिको स्वतन्त्र विकासले मानिससँग रहेको अपार क्षमता र गुणलाई समाज विकासमा कसरी लागू गर्ने यो नै वैज्ञानिक समाजको चुनौती बन्न जान्छ ।

वर्गीय समाजमा 'समाजवाद' पनि वर्गीय हुन्छ । पूँजी र निजी सम्पत्तिको अस्तित्व समाजमा स्थापित भए सँगसँगै वैकल्पिक सामाजिक समाज पनि अस्तित्वमा रही आएको छ । आज पनि पूँजीको प्रभुत्व र राज्यको विस्तार नपुगेको गाउँ-ठाउँमा परम्परादेखिको सामाजिक समुदायको समाज अस्तित्वमा छन् ।

ती समाजहरू पूँजीवादी समाजवादका उन्नत र समृद्ध भनिएका समाज भन्दा कैयौं गुणा सामूहिकता सांस्कारिक शान्ति र स्वतन्त्रताको अद्भुत अनुभूति गर्दछन् । यद्यपि त्यहाँका समुदायमा भौतिक विपन्नता र कठिनाइ भोग्न बाध्य छन् । यदि त्यो समाजको सम्पदा र श्रमशक्तिको सही सदुपयोग गर्न स्वाधीन हुने हो भने ती उन्नत समाजमा बदलिने छन् ।

*(साभार: अनलाइनखबर)*

# प्रहरीका सईहरू किन जानुपऱ्यो अदालत ?

✍ राम करन गुप्ता

प्रहरीमा तल्लो दर्जाको कुनै पदमा लामो समय रहँदा मनोबल र कार्य सम्पादनमा समेत असर परेको भन्दै प्रहरी नियमावली २०७१ लाई नवौं संशोधन (२०७८ माघ ३ गते) गरी प्रहरी सहायक हवल्दार, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायब निरीक्षकको पद सिर्जना गरिएको थियो । प्रहरी प्रधान कार्यालयको २०७८ चैत १७, १८, १९ र २० गते गरेको निर्णयानुसार जनपदतर्फका प्रहरी नायब निरीक्षक (प्रनानि) पदबाट प्रहरी वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सई) पदमा एक हजार ४१८ जनालाई बढुवा गरिएको थियो ।

केही मात्रामा भए पनि सेवा-सुविधा बढ्ने अपेक्षा वरिष्ठ सईहरुले गरेका थिए । साबिकको प्रनानि पदमा ८ ग्रेड खाइपाई आएको जम्मा तलबमान नघट्ने गरी ग्रेड रकम प्रहरी नियमावली अनुसार मिलान गरी बढुवा भएको वरिष्ठ सई पदको तलबमान भुक्तानी दिनुपर्नेमा सो अनुसार गरिएन । आर्थिक वर्ष २०७८ मा वरिष्ठ सईलाई वैध अपेक्षाको विपरीत साबिक दर्जा सईको भन्दा २२८ रुपैयाँ घटी र हाल २६२ रुपैयाँ घटी उपलब्ध गराइयो । बढुवा भएको प्रोत्साहनस्वरूप पाउनुपर्ने एक ग्रेड थप रकम समेत उपलब्ध गराइएन । जुन प्रहरी नियमावली र यस्तै प्रकृतिको विभिन्न सेवासम्बन्धी कानुनहरूको व्याख्याका क्रममा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतको विपरीत थियो ।

प्रहरी नियमावली (२०७१) को नियम १४६ को २ को (ख) मा प्रस्ट व्यवस्था छ, 'साबिक पदमा पाइरहेको तलब बढुवा भएको पदको सुरु तलबभन्दा बढी भएमा माथिल्लो पदको तलब निर्धारण गर्दा हाल पाइरहेको तलब नपुगसम्मको तलब वृद्धि थप गरी माथिल्लो पदको एक तलब वृद्धि समेत थप गरेर तलब निर्धारण गर्ने ।' जस अनुसार, ८ ग्रेड रकम खाने पुराना सईहरूले वरिष्ठ सई भएपछि चार ग्रेड रकम मिलान गरी तलबमान र सो अनुसारको निवृत्त भएर जाँदा निवृत्तिभरण तथा सुविधा रकम दिनुपर्ने थियो ।

### कानुनी आधारहरू

वरिष्ठ सईहरूले कम्तीमा चार ग्रेड रकम मिलान गरी तलबमान तथा सुविधा रकम पाउनुपर्ने कानुनी आधारहरू छन् । पहिलो त 'नेपाल प्रहरी र प्रदेश प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरवलोकन प्रतिवेदन, २०७८'लाई नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय (२०७८ फागुन ५) अनुसार कार्यान्वयन गरिएको छ । यस प्रतिवेदनको पृष्ठ ६५ मा उल्लेख छ, 'प्रनानि (सई) बाट प्रवनानि (वरिष्ठ सई) पदमा बढुवा गर्दा प्रनानि पदमा खाइपाई आएको तलबमान नघट्ने गरी तलब वृद्धि मिलान गर्न आवश्यक पर्ने ३ ग्रेड र बढुवा भएपश्चात् बढुवा भएको अनुभूति दिलाई मनोबल उच्च राख्न थप दुई ग्रेड समेत गरी जम्मा पाँच ग्रेड आवश्यक पर्ने ।' यस्तै, बढुवा भएको दर्जाको तलबमान निर्धारण गर्नका लागि प्रहरी नियमावलीको नियम १४६ को २ (ख) मा स्पष्ट कानुनी व्यवस्था छँदै छ, जो माथि आइसकेको छ ।

नियमावलीको १४३ मा 'सेवा सर्त तथा सुविधामा परिवर्तन'को व्यवस्था छ । जसमा 'कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदाका बखत कायम रहेको तलब, उपदान, निवृत्तिभरण र त्यस्तै अन्य सुविधासम्बन्धी सेवाका सर्तमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन' भनी प्रस्ट उल्लेख गरिएको छ ।

यस्तै, रिट निवेदक शान्तिप्रसाद लुइँटेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाएर हालेको मुद्दाको फैसला (नि. नं. १०३७२, ने. का. प. २०७६ अंक १०) मा भनिएको छ, 'ग्रेड पनि कर्मचारीले पाउने तलबकै एउटा अङ्ग हो । नयाँ र पुराना तथा बढी अनुभवी र कम अनुभवीका बिच तलब-सुविधामा केही अन्तर कायम गर्ने तथा अपेक्षाकृत बढी अवधि सेवा गरेकालाई केही अतिरिक्त सुविधा प्रदान गरी सेवाप्रति उत्प्रेरणा कायम राख्ने अभिप्रायले निश्चित अवधि सेवा गरेपछि तलब स्केलमा निश्चित अंक वृद्धि हुने गरी ग्रेड वृद्धि सम्बन्धी अवधारणा प्रयोगमा ल्याइएको देखिने ।'

त्यसैगरी मीनबहादुर थापाले त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरलाई विपक्षी बनाई हालेको मुद्दाको फैसला (ने. का. प. २०७४, अंक २, नि. नं. ९७६७) मा भनिएको छ, 'मौद्रिक सुविधा उत्प्रेरणाको महत्त्वपूर्ण तत्त्व हो । कर्मचारीको इच्छाबेगर उनीहरूको सुविधामा कटौती गर्दा कर्मचारीहरूको उत्प्रेरणा र मनोबलमा ह्रास आई संगठनको उत्पादकत्वमै असर पर्न जाने ।' यसरी धेरैवटा यस प्रकारका मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्धान्त कायम भइसकेका छन् ।

### अदालत जानुपर्ने बाध्यता किन ?

कर्मचारी व्यवस्थापनको सिद्धान्त अनुसार कर्मचारीको बढुवा भएपश्चात् तलबमानमा केही मात्रामा भए पनि बढोत्तरी र कार्य विवरणमा केही फरक हुनुपर्छ । यस्तै, श्रम कानुनको सिद्धान्तअनुसार खाइपाई सकेको तलबमानलाई सम्बन्धित कर्मचारीको स्वीकृतिबेगर घटाउन मिल्दैन । यद्यपि बढुवा भएका प्रहरी कर्मचारीले त्यो अनुभूति गर्न पाएका छैनन् । वरिष्ठ सईहरू घटी सेवा सुविधामै अवकाश लिन बाध्य छन्, जसका कारण बढुवा भएपछि उत्साह थपिनुको सट्टा झन् निराश हुन पुगी मनोबलमा समेत असर परेको छ ।

प्रशासनिक प्रयत्नबाटै समस्या समाधान हुन्छ कि भन्ने उद्देश्यले अर्थ मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकार, कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रहरी किताबखाना समेतका निकायमा विभिन्न समयमा विभिन्न माध्यमबाट विगत २० महिनादेखि पटकपटक निवेदन दिइएको छ तर कुनै सुनुवाई भएन, आलटालको भाषामा एक अर्काको जिम्मेवारी हो भनी पन्छिने कार्य मात्र भयो ।

क्रमश: पृष्ठ-३....

# घातक हतियार बोकेर खट्दा भीड नियन्त्रणमा बारम्बार चुक्दैछ प्रहरी

काठमाडौं/अस्पताल सञ्चालनको विवादमा बरहथवा-६, सर्लाहीमा शुक्रबार स्थानीयले प्रदर्शन गर्दा एक निहत्था युवा मारिए । नगर अस्पताललाई प्रादेशिक रुपमा स्तरोन्नति गरेर चलाउने निर्णयबाट मेयर कल्पनाकुमारी कटवाल पछाडि हट्दा भएको प्रदर्शनमा स्थानीयले ढुंगामुढा गरे, गाडीमा तोडफोड गरे ।

यसको नियन्त्रणमा खटिएका प्रहरीले ११ सेल अश्रुग्यास र १३ राउण्ड हवाई फायर गरेको प्रहरी दाबी छ । तर, प्रहरीको त्यही 'हवाई फायर' मा चलेको गोलीले लागेर स्थानीय युवा ३० वर्षीय जयशंकर साहको मृत्यु भयो ।

बंगलादेशबाट एमबीबीएस अध्ययन गरेर फर्किएका उनको मृत्युपछि आइतबार पनि सर्लाही तनावग्रस्त रह्यो । अपराह्न भने प्रशासनले मृतकलाई शहीद घोषणासँगै साहको नाममा अस्पतालको नामाकरण गर्ने सहितका सहमति गरेर विवादलाई साम्य बनाएको छ ।

गोली चलाएको आरोपमा घटनास्थलमा खटिएका हवल्दार सोनेलाल यादवलाई जिल्ला प्रहरी कार्यालय तान्दा प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला भने आफूले 'गोली चलाउन आदेश' नदिएको भन्दै पन्छिएका छन् ।

धमलाले भने, 'छानबिन समितिले यसबारे काम थालेको छ, अब त्यसबाटै यो विषयमा स्पष्ट होला ।' गृह मन्त्रालयले सर्लाही घटनामा छानबिन गर्न भन्दै सह-सचिव थानेश्वर गौतमको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो ।

सर्लाही घटनाको एकसाताअघि १३ पुसमा ललितपुरको बालकुमारीमा प्रहरी कारबाहीका क्रममा दुई युवा मारिएको घटनामा पनि तत्कालीन प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित र प्रहरी प्रमुख एसएसपी सिद्धिविक्रम शाह गोली हान्ने आदेश नदिएको भन्दै पन्छिएका थिए ।

घटनास्थलमा खटिएका अधिकृतहरु कारबाहीमा परे । जानकारहरुका अनुसार, यो दुवै घटनामा नागरिकको ज्यान जाने गरी गोली चलाउनुपर्ने स्थिति थिएन । सर्लाहीमा त मानिसहरुको भिड नभएको र अन्यत्रभन्दा शान्त स्थानमा गोली चलेको प्रारम्भिक जाँचमा देखिएको अधिकृतहरु बताउँछन् ।

बालकुमारीमा आन्दोलन गरिरहेकाहरु स्वदेशमा भविष्य नदेखेपछि रोजगारीको अवसर खोज्दै विदेश जान भौतारिरहेका युवाहरु थिए । उनीहरुको माग यति मात्र थियो कि - कोरिया जानका लागि रोजगार अनुमति प्रणालीको परीक्षा दिन पाऊँ ।

आवेदन दिन नपाएपछि




युवाले केही दिनअघिबाटै प्रदर्शन गर्न थालेका थिए । ललितपुरका प्रमुख एसएसपी शाह आफैं बिहान ९ बजे ग्वार्कोस्थित ईपीएस कार्यालय पुगेर स्थिति सामान्य रहेको भन्दै फर्किएका थिए ।

आन्तरिक छानबिन समितिले अहिले प्रहरी नेतृत्वले भिडको मनोविज्ञानलाई पूर्वमूल्यांकन गर्न नसकेको भनेको छ ।

दिउँसो एक्कासी परिस्थिति नियन्त्रणमा लिन भन्दै प्रहरीले अन्धाधुन्दा गोली चलायो । त्यसक्रममा प्रहरीको गोली लागेर अछामका वीरेन्द्र साहको मृत्यु भयो भने दैलेखका २३ वर्षीय सुजन रावत प्रहरीले बन्दुकको बोटबाट हिर्काएका कारण मारिएको आशंका छ ।

प्रदर्शनकारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको गाडीमा आगजनी भयो । त्यसपछि संयम गुमाएको प्रहरीले ११४ सेल अश्रुग्याँस, २१ राउण्ड रबरको गोली र एसएलआरबाट ३० राउण्ड गोली चलायो ।

राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारीको भनाइमा प्रहरीले पानीको फोहरा, माइकिङ लगायत गरेर सम्झाउने ठाउँ हुँदा हुँदै गोली चलाउँदा अप्रिय घटना भयो ।

'विद्यार्थीलाई भित्र छिर्न दिएको भए वा केहिवेर नारा लगाउन दिएको भए साम्य भइहाल्थ्यो', अन्सारीले भनिन्, 'मन्त्रीको गाडी जलाए भनेर प्रहरी थप उग्र भएको जस्तो देखिन्छ ।'

यो दुई घटना उदाहरण मात्र हुन्, पछिल्लो समय भिड नियन्त्रणमा प्रहरी पटकपटक चुक्दै आएको छ । २ फागुन २०७९ मा यातायात मजदुरले माछापोखरी र नयाँ बसपार्क क्षेत्रमा गरेको प्रदर्शनको पूर्वमूल्यांकन गर्न नसक्दा ठूलो क्षति भयो ।

ल्होत्से मलमा रहेका पसलहरुमा लुटपाट भयो भने प्रहरीको भ्यान जलाइयो । तीन महिनाअघि पोखराको मणिपाल अस्पतालमा भएको प्रदर्शनमा पनि 'भिडलाई खुशी पार्न' प्रहरीले चिकित्सकलाई दुर्व्यवहार गरेका थिए ।

उपत्यकामा २०३६ सालदेखि भएका ठूला प्रदर्शनहरुमा फिल्डमा खटिएका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) माधव थापा भिड नियन्त्रणमा पछिल्लो समय प्रहरी प्रशासन निरन्तर चुक्नुका पछाडि कमाण्डरको लापरबाहीलाई प्रमुख कारण मान्छन् ।

'आदेश गर्ने प्रहरी प्रमुख वा जिल्लाको समग्र कमाण्डर प्रमुख जिल्ला अधिकारी फिल्डमा नगइ कसरी त्यहाँ भिड नियन्त्रण हुनसक्छ ? फिल्डको अवस्था उसले थाहा नपाइ कसरी टोलीको कमाण्ड गर्छ ?', सशस्त्र प्रहरी बलबाट अवकाश पाएका डीआईजी थापा भन्छन्, 'अहिले गोली चलाउन आदेश दिएको थिइनँ भनेर बोल्नुपर्ने अवस्था आएको पनि ऊ फिल्डमा नपुगेकाले हो ।'

सशस्त्र प्रहरी बलबाट अवकाश प्राप्त डीआईजी थापाको स्मरणमा २०६३ सालको जनआन्दोलनका बेला जम्मा १९ जनाको मृत्यु भएको थियो । 'त्यतिविघ्न मानिसहरु सडकमा आएका बेला पनि अत्यन्तै थोरै मावनीय क्षति भएको थियो, तर अहिले हरेक जसो प्रदर्शनमा मानिस मारिन थालेका छन्', थापाले भने, 'यस्तो हुनुको कारण भनेको फिल्डको कमाण्ड जवानहरुले गर्नु हो, प्रमुखहरु कार्यालयबाट मात्र निर्देशन दिनु हो ।'

स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमा मात्रै सुरक्षाकर्मीले गोली चलाउन सक्ने परिकल्पना गरेको छ । तर, गोली चलाउनुपर्ने आवश्यकता भए त्यसअघि भीडलाई स्पष्टसँग चेतावनी दिनुपर्ने भनिएको छ ।

भीड नियन्त्रणको सिद्धान्तले पनि बल प्रयोग गर्दा संयम अपनाएर सकेसम्म कम क्षतिमा नियन्त्रण गर्नुपर्ने भनेको छ । ऐनको दफा (६) को उपदफा (ख) मा 'भीड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनका लागि आदेश लेखी सही गरेर दिने' भनिएको छ ।

तर, बालकुमारीमा मारिएका साहको पेटमा गोली लागेको पाइएको छ भने रावतको छातीमा बन्दुकको बोटले हानेको जस्तो डाम देखिएको छ । प्रत्यक्षदर्शीहरुले प्रहरीले गोली चलाउने चेतावनी दिएको समेत थाहा नपाएको भनेका छन् ।

**घातक हतियारको प्रयोग**

बल तथा हतियार प्रयोगको अन्तर्राष्ट्रिय सिद्धान्तले भीड नियन्त्रणमा 'गैरघातक' हतियार मात्र प्रयोग गर्न भनेको छ । तर, सर्लाही र बालकुमारीमा सर्ट मेसिन गन (एसएलआर) बाट गोली चलेको थियो । जुन आफैंमा सरकारको गम्भीर गल्ती भएको मानवअधिकारकर्मी मोहना अन्सारी बताउँछिन् ।

'त्यसमाथि भीड नियन्त्रणमा रबर बुलेट मात्र प्रयोग गर्नुपर्ने हो, त्यो चरणसम्म पुग्नुअघि पनि लाठी चार्ज, माइकिङ, पानीको फोहोर हान्ने लगायतका विधिहरु छन्', राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य समेत रहेकी उनले थपिन्, 'तर पछिल्ला घटनाहरुमा प्रहरी सिधै गोली नै चलाउन उद्दत भएको देखिन्छ ।'

बालकुमारीमा दुई जना मारिएको घटनामा प्रहरीले गरेको आन्तरिक छानबिनले त्यतिधेरै गोली चलाउनुपर्ने स्थिति नरहेको भनेको छ । सर्लाहीमा पनि जिल्लाका अधिकारीहरु गोली चलाएको विषयमा जिम्मेवारी लिनबाट पन्छिएका छन् ।

नेपाल प्रहरीका पूर्व डीआईजी हेमन्त मल्ल ठकुरी भने प्रहरीलाई भिड नियन्त्रणका लागि दिइएका सामग्रीहरुमा समेत दोष देख्छन् ।

'माओवादीसँग द्वन्द्व हुँदा लड्न चाहिँ पोइन्ट टुटु १२ बोरको हतियार दिने, अनि अहिले भिड नियन्त्रण गर्न चाहिँ राइफल दिएर पठाउने ?', उनी प्रश्न गर्छन्, 'प्रहरीले सन् २०१० मै म्याद गुज्रिएका अश्रूग्याँसका सेलहरु अहिले पनि प्रयोग गरिरहेको छ, भिड नियन्त्रण न्यूनतम बल प्रयोग गरेर हुनुपर्ने हो तर, त्यसका लागि आवश्यक सामान नै प्रहरीसँग छैनन् ।'

बालकुमारी घटनापछि संसद्‌को राज्य व्यवस्था समितिमा बोलाइएका नेपाल प्रहरीका प्रमुख आईजीपी वसन्तबहादुर कुँवरले पनि भिड नियन्त्रणका लागि अत्यावश्यक सुरक्षा सामग्रीहरु प्रहरीसँग नभएको बताएका थिए ।

'स्रोत साधन चाहियो भनेर पटकपटक ध्यानाकर्षण गराएका छौं, तर माग पूरा भएको छैन', उनले भनेका छन्, 'उपत्यकामा कुनै आन्दोलन र दंगा हुँदा उपत्यकाले नजिकैका जिल्लाबाट सुरक्षा सामग्री सापटी ल्याउनुपर्ने अवस्था छ ।'

दुर्गा प्रसाईंको नेतृत्वमा भएको आन्दोलका बेला प्रहरीले बाहिरी जिल्लाबाट सुरक्षा सामग्रीहरु मगाएका थियो । अहिले पनि अवस्था उस्तै रहेको भन्दै उनले भने, 'त्यति बेलाका सुरक्षा गियर र भीड नियन्त्रण सामग्री अहिले उपत्यकामै छन् ।'

नेपाल प्रहरीका अर्का एक अधिकृत भिड नियन्त्रणमा प्रयोग गर्न नेपाल प्रहरीसँग पर्याप्त रबर बुलेट समेत नभएको बताउँछन् । 'एसएलआर बोके भनेर मात्र हुन्छ ? त्यसको विकल्प हामीलाई दिएको खोइ ?', प्रश्न गर्दै उनी भन्छन्, 'घातक हतियार प्रयोग गर्नु प्रहरीको बाध्यता हो ।'

**प्रहरीको अतालिएको मनोविज्ञान**

नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) राजेन्द्रसिंह भण्डारीको बुझाइमा सरकारले निरन्तर गर्ने हस्तक्षेपले फिल्डमा हुने प्रहरी अधिकृतहरुको मनोबल कमजोर छ, आत्मविश्वासमा कमी छ ।

'यस्तोमा कहिलेकाहीँ सामान्य परिस्थितिमा पनि प्रहरीले अत्यधिक बल प्रयोग गरिरहेको छ, यसका लागि प्रहरीलाई स्रोत, साधनले सम्पन्न बनाउनुपर्छ', भण्डारी भन्छन्, 'भिड नियन्त्रणका लागि समयसमयमा तालिम दिएर कसरी कमभन्दा कम क्षतिमा परिस्थितिलाई नियन्त्रणमा लिने भन्ने सिकाउन जरुरी छ ।'

कतिपय घटनाहरुमा तल्ला तहका प्रहरी अधिकृतहरु मात्रै कारबाहीमा पर्ने र माथिल्लो तहका सरुवा लिएर चोखिने प्रवृत्तिले पनि प्रहरी अधिकृतहरुमा दिक्दारी पैदा भएको जानकारहरु बताउँछन् । पूर्वडीआईजी हेमन्त मल्ल ठकुरीका पनि प्रहरीमा अहिले 'असुरक्षा'को भावना व्यापक देखिएको बताउँछन् ।

'यही सरकारले माइती घरलाई निषेधित क्षेत्र तोक्छ, प्रदर्शनमा रोक लगाउँछ । सरकारकै एकजना मन्त्री आन्दोलनमा जान्छिन् र उनलाई प्रहरीले समात्छ', डा. सिके राउत नेतृत्वको जनमत पार्टीले केहिदिन अघि गरेको प्रदर्शनलाई लक्षित गर्दै मल्लले सुनाए, 'यस्तोमा सरकारका गृहमन्त्री आफैं उनलाई छुटाउन प्रहरी कहाँ पुग्छन्, यस्तोमा प्रहरी जवानहरु कस्तो मनोबलले फिल्डमा खटिएका होलान् ?'

*(स्रोत: अनलाइनखबर)*

# 'चित्रा'को क्यारेक्टर र ममा केही चीज मिल्दैन : प्रमोद




काठमाडौं/अभिनयमा पारंगत मानिएका अभिनेता प्रमोद अग्रहरी अक्सर फिल्ममा नकारात्मक चरित्रमा प्रस्तुत हुने गरेका छन् । त्यसमा उनी रुचाइएका पनि छन् । यही पुष २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'चित्रा'मा पनि उनले नकारात्मक चरित्र निर्वाह गरेका छन् । ट्रेलर हेर्दा उनको चरित्र क्रूर देखिन्छ । तर, फिल्मको क्यारेक्टर र आफूमा कुनै चीज पनि नमिल्ने उनको बुझाई छ ।

उनी भन्छन्, 'फिल्ममा म क्यारेक्टरमा हुन्छु । रियलमा म प्रमोद अग्रहरी हो । 'चित्रा'को क्यारेक्टर र ममा केही चीज पनि मिल्दैन । मलाई रिसाउन र गाली गर्न आउँदैन । मलाई रिसाउन क्यामेराको अगाडि मात्र आउँछ । मान्छे मार्न पनि क्यामेरा अगाडि आउँछ । तर, प्रमोदमा त्यस्तो केही चीज छैन ।' यद्यपि, दर्शकले फिल्मको क्यारेक्टरको हिसाबले 'इमेज' बनाउनुलाई उनी राम्रो मान्छिन् ।

त्यसो त उनलाई नकारात्मक चरित्रमा मात्र सीमित भएको आरोप लाग्ने गरेको छ । तर, यसमा उनको आफ्नै व्याख्या छ । फिल्ममा नकारात्मक चरित्र भए पनि उसको ठाउँमा ऊ सही हुने प्रमोद तर्क गर्छन् । उनी भन्छन्, 'मलाई नकारात्मक चरित्र बढी गरेको भन्ने गरिन्छ । तर, त्यो चरित्रले जे गर्दैछ, त्यो उसका लागि सही कुरा होला नि त । उसले जुन बाटो सही देख्यो, त्यही बाटो अपनायो ।'

'चित्रा'मा आफ्नो क्यारेक्टर नकारात्मक देखिए पनि आफ्नो र परिवारको सुरक्षाका लागि ऊ सही रहेको उनी बताउँछन् । 'फिल्ममा एउटा सानो घटनाले एउटा मान्छे कुन हदसम्म पुग्न सक्छ भन्ने कुरा देखाउन खोजिएको छ,' उनले अगाडि भने, 'हेर्दा त्यो क्यारेक्टर नकारात्मक लाग्छ । तर, उसले आफ्नो र परिवारको सुरक्षाका लागि गलत बाटो अपनाउँछ भने त्यो उसको लागि त ठीक हो नि ।'

यतिबेला प्रमोदलाई राम्रै दौडधुप छ । एकातिर 'चित्रा' प्रदर्शनको संघारमा छ भने अर्कोतिर उनको कमब्याक नाटक 'पगला घोडा' मञ्चन भैरहेको छ । यसैले पुष महिना उनका लागि विशेष देखिएको छ । 'चित्रा'ले करिअरमा एउटा इट्टा थप्नेमा उनी विश्वस्त छन् । उनको पाइप लाइनको कुरा गर्दा 'रक्तबीज', 'रावायण' आदि फिल्म छन् । आगामी फागुनमा उनको 'अगस्त्य' पनि प्रदर्शन हुँदैछ ।

# दयाहाङलाई चटारो : 'डिग्री माइला' र 'मनसरा' एकसाथ छायांकनमा




काठमाडौं/अभिनेता दयाहाङ राईलाई यतिबेला भ्याइनभ्याइ छ । एकातिर छायांकनको निकै चटारो छ भने अर्कोतिर रिलिज पर्खिएर बसेका फिल्मको ताँती नै छ । अहिले अवस्था यस्तो आएको छ कि एकै मितिमा उनका आफ्नै फिल्म बक्स अफिसमा भिडिरहेका छन् । अब छायांकन समेत जुध्न थालेको छ । अहिले उनका दुईवटा फिल्म 'मनसरा' र 'डिग्री माइला'को एकसाथ छायांकन भैरहेको छ ।

सबैभन्दा पहिला दयाहाङले 'डिग्री माइला'को छायांकन भ्याउनेछन् । यो फिल्मको 'फर्स्ट सेड्युल' पूरा भैसकेकाले अब धेरै दिनको छायांकन बाँकी छैन । सोमबारदेखि ओखलढुंगाको रुम्जाटार मा फिल्मको छायांकन सुरु गरिएको छ । रामबाबु गुरुङको निर्देशन रहेको फिल्ममा दयाहाङको जोडी अभिनेत्री आँचल शर्मासँग बाँधिएको छ । आगामी नयाँ वर्षमा फिल्मलाई रिलिज गर्ने तयारी छ ।

'डिग्री माइला'को छायांकन सकाएपछि दयाहाङले 'मनसरा'लाई समय निकाल्नेछन् । यो 'जारी' निर्देशक उपेन्द्र सुब्बाको फिल्म हो । फिल्ममा दयाहाङका साथै मिरुना मगर, मेनुका प्रधान, प्रविण खतिवडा पनि मुख्य भूमिकामा देखिँदैछन् । आगामी बैशाख २१ गतेबाट प्रदर्शनमा आउने यो फिल्मको आइतबार शुभमुहूर्त गरेपछि सोमबार देखि ललितपुरको नख्खुबाट छायांकन थालिएको हो ।

'मनसरा'को छायांकन पछि दयाहाङले फिल्म 'घरज्वाइँ'मा काम गर्ने जनाइएको छ । यसमा उनको जोडी मिरुना मगरसँग बाँधिनेछ । योसँगै उनको पाइपलाइनमा 'गाउँ नै रमाइलो', 'दु:खी आत्मा', 'नाङ्गो गाउँ २', 'लाहुरे एण्ड दाउरे', 'वरिष्ठ बलराम', 'भूठान' आदि फिल्महरु छन् । यसैगरी, उनका 'गाउँ आएको बाटो', 'रंगेली', 'हात्तीछाप', 'दयारानी' आदि फिल्म रिलिजको पखाईमा रहेका छन् ।

# *प्रहरीका सईहरू किन....*

प्रहरी प्रधान कार्यालयबाट पनि तालुक गृह मन्त्रालयमा पत्र पठाउनेबाहेक समस्या चाँडो समाधान गर्न कुनै प्रभावकारी कार्य गरिएन । जब कि आईजीपी सा'बको पहुँच प्रधानमन्त्री, गृहमन्त्री र अर्थमन्त्रीसँग सहजै हुन्छ । तल्लो दर्जाको जायज पीरमर्काहरू राख्नुपर्ने थियो तर वर्तमान तथा विगतका कुनै आईजीपी सा'बहरूले यो समस्या प्रभावकारी रूपमा राखेको पाइएन । यो समस्या उहाँहरूको प्राथमिकतामै परेन । यहाँसम्म कि पटकपटक दिएको निवेदनमा समस्या समाधानको निमित्त के कस्तो कार्य वा पहल भए सोबारे जानकारीसम्म दिइएन ।

फौजी संगठनका सदस्यको हरेक पीरमर्का त्यस संगठनका प्रमुखले बुझेर समयमै समाधान गर्नुपर्ने थियो वा समाधानको निमित्त प्रभावकारी पहल गर्नुपर्ने थियो, तर कागजी औपचारिकता मात्र पूरा गरियो । विगत तथा वर्तमान कुनै आईजीपी सा'बबाट प्रभावकारी पहल भएको अनुभूति भएन । मर्कामा परेका कर्मचारीले बेसहारा भएको अनुभूति गर्दै छन् ।

साबिक दर्जामा पाइरहेको तलबमानभन्दा घटी भुक्तानी दिने दिलाउने गरी अर्थ मन्त्रालयले गरेको निर्णय तथा सोको आधारमा प्रहरी प्रधान कार्यालयले गरेका पत्राचारहरू संविधानद्वारा प्रदत्त मौलिक हक तथा कानुनी व्यवस्था सम्बद्ध छैनन् । कुनै सूचना तथा जानकारीबिना तलबमान घटाइदिने निर्णय कानुनको उचित प्रक्रिया पूरा नगरी प्राकृतिक न्यायको विपरीत स्वेच्छाचारी निर्णय (अर्बिट्रेरी डिसिजन) रहेको छ । देशको आर्थिक अवस्थाले तलब घटाउनैपर्ने हो भने आधिकारिक निर्णय गरेर जानकारी दिई घटाउँदा हुन्छ । तर कानुनी शासन भएको देशमा उचित प्रक्रिया पूरा नगरी अर्थ मन्त्रालयले गरेको अन्यायपूर्ण स्वेच्छाचारी निर्णय मान्नु अन्याय सहनु हो । यो अन्यायपूर्ण निर्णय रकमसँग मात्र सम्बन्धित नभएर प्रहरीको मनोबल तथा उत्प्रेरणासँग समेत सम्बन्धित छ ।

'ल अबाइडिङ एन्ड चेन अफ् कमान्ड'मा सधैं रहनुपर्ने अनुशासित संगठनका सदस्यका लागि मुद्दा-मामिला गर्ने निर्णय प्रीतिकर होइन । यद्यपि अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारको बाटो नभएको तथा भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको हुँदा अन्तिम आश्रयको रूपमा सम्मानित अदालतसमक्ष रिट निवेदन दर्ता गरिएको छ ।

सम्मानित सर्वोच्च अदालतमा भूतपूर्व र बहालवालाहरूको तर्फबाट छुट्टाछुट्टै दर्ता भएको रिट (०८०-डब्लुओ-०६०३ र ०८०-डब्लुओ-०६०८) मा अग्राधिकार र कारण देखाउ आदेश भए पनि फैसला हुन समय लाग्ने भएकाले नेपाल सरकारका जिम्मेवार निकाय तथा पदाधीकारीले यसपूर्व नै यो समस्याको न्यायसंगत रूपमा निर्णय गरी समाधान गरिदिएमा हाल बहालमा रहेका तथा घटी सुविधा लिई अवकाशमा गएका वरिष्ठ सईहरूले छिटो न्याय पाएको अनुभूति गर्ने थिए । घटेको मनोबल बढ्ने थियो । उनीहरू नेपाल प्रहरी संगठन तथा सरकारप्रति अझ आभारी हुने थिए ।

*(साभार: रातोपाट)*

# सिप बिल्डिङका २१ हजार परीक्षार्थी अर्को भाषा परीक्षामा सामेल हुन पाउने

काठमाडौं/रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तरगत जहाज निर्माण (सिप बिल्डिङ)को भाषा परीक्षामा सहभागी भएकाहरु दक्षिण कोरियाको उत्पादनमूलक क्षेत्रमा खुलाइएको भाषा परीक्षामा सहभागी हुन पाउने भएका छन् । कोरियाली सरकारले आवेदन दिएका सबैलाई परीक्षामा सहभागी गराउने निर्णय गरेर नेपाल सरकारलाई जानकारी दिएको छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक र कोरियाको मान संशाधन विकास (एचआरडी) विभागका अधिकारीहरुबीच सोमबार भएको छलफलमा कोरियाली पक्षले उत्पादनमूल तर्फ आवेदन दिएका १ लाख ६५ हजार भन्दा बढी आवेदकलाई नै परीक्षामा सामेल गराउने जानकारी दिएको हो । सिप बिल्डिङतर्फको परीक्षामा सहभागी भएका करिब २१ हजार २५४ जना परीक्षार्थीहरूले आवेदन भरेकोमा उनीहरु समेत यो परीक्षामा सामेल हुन पाउने भएका हुन् ।

'जनवरी २० देखि नै तीन चरणमा परीक्षा सञ्चालन हुने जानकारी कोरियाली पक्षले दिएको छ,' महानिर्देशक घिमिरेले भने,'अब दैनिक ४ सिफ्टको ठाउँमा ५ सिफ्टमा परीक्षा लिएर दैनिक १ हजार जनालाई सहभागी गराउने कार्ययोजना बनेको छ ।'

पहिलो चरणमा ४७ हजार, दोस्रोमा ८० हजार र तेस्रो चरणमा ३७ हजार जनालाई उत्पादनमूलकतर्फ परीक्षा दिन लगाइनेछ । 'परीक्षा सञ्चालन गर्न थप ट्याब चाहिने भएकाले कोरियामा माग गरिसकेको जानकारी पनि पाएका छौं,' घिमिरेले भने, 'परीक्षार्थी धेरै भएकाले व्यवस्थापन सहज छैन, तर कोरियाली पक्षले सकेसम्म छिटो परीक्षा सक्न थप तयारी पनि गरिरहेको छ ।'

गत असारमा सिप बिल्डिङका लागि आवेदन दिएर बसेका परीक्षार्थीले समेत उत्पादनमूलक क्षेत्रमा पनि भाषा परीक्षा दिन पाउने गरी १६ पुसमा शाखाले आवदेन खुला गरेको थियो । त्यसअघि साउनमा भएको सिप बिल्डिङका लागि ईपीएस परीक्षामा ३५ हजार सहभागी भएकामध्ये ४ हजारमात्र उत्तीर्ण भएका थिए ।

त्यसपछि उत्पादनमूलक क्षेत्रका लागि आवेदन खुला गरेको थियो । तर सन् २०२३ भित्र परीक्षामा सहभागी भएकाहरुले अन्य क्षेत्रका लागि आवेदन दिन नपाउने व्यवस्था भएकाले अनुत्तीर्ण भएका ३० हजारलाई आवेदन भर्न दिइएको थिएन ।

तर, परीक्षार्थीले उत्पादन मूलक क्षेत्रको परीक्षामा सहभागी हुनु पाउनुपर्ने भन्दै १८ जनाले उच्च अदालत पाटनमा मुद्दा दायर गरेका थिए । ५ पुसमा अदालतको आदेशपछि १८ जनालाई मात्र ईपीएस परीक्षामा सहभागी हुनका लागि ईपीएस शाखा ग्वार्कोले सूचना निकालेका थियो । त्यसपछि पुन: उच्च अदालत पाटमा परेका अर्को रिटमा सुनुवाइ गर्दै अदालतले १३ पुसमा सबैलाई परीक्षार्थीलाई रोक नलगाउन आदेश दिएको थियो । अदलतको आदेशपछि उनीहरुलाई पनि सहभागी हुन पाउने गरी १६ पुसदेखि आवेदन खुला गरिएको थियो ।

त्यसअघि सिप बिल्डिङ क्षेत्रमा सहभागी भएकाले अरु क्षेत्रको परीक्षामा पनि सहभागी हुन पाउनु पर्ने भन्दै आन्दोलन गरेका थिए । आन्दोलनकै क्रममा १२ पुसमा ललितपुरको बालकुमारीमा सुजन रावत र वीरेन्द्र शाहको मृत्यु भएको थियो । त्यसपछि सरकारले सप बिल्डिङ क्षेत्रमा सहभागी भएकालाई पनि फारम भर्न खुला गरेपनि करिब २१ हजारले मात्रै आवेदन दिएका थिए । ती परीक्षार्थीलाई परीक्षा दिन कोरियाले अनुमति दिन्छ कि दिँदैन भन्ने अन्योल अब हटेको छ ।

# बैंकिङ प्रणालीबाट ३५ अर्ब तरलता खिच्दै राष्ट्र बैंक




काठमाडौं/बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले ३५ अर्ब तरलता खिच्ने भएको छ । मंगलबार निक्षेप संकलन उपकरण बोलकबोल मार्फत ३५ अर्ब तरलता खिच्न लागेको राष्ट्र बैंकले जनाएको छ । १४ दिनका लागि बैंकिङ प्रणालीबाट उक्त तरलचा खिच्न लागिएको राष्ट्र बैंकले जनाएको छ ।

अधिक तरलता भएपछि पछिल्लो समय राष्ट्र बैंकले लगातार रुपमा बैंकिङ प्रणालीबाट तरलता खिचिरहेको छ । राष्ट्र बैंकको २२ फागुनसम्मको तथ्यांक अनुसार बैंकिङ प्रणालीमा १ खर्ब ९ अर्ब अधिक तरलता छ । जसमध्ये ७५ अर्ब ७० करोड निक्षेप संकलन उपकरण मार्फत राष्ट्र बैंकले खिचेको छ । चालु आर्थिक वर्ष लागेपछि बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप साढे ३ खर्ब भन्दा माथिले वृद्धि हुँदा कर्जा लगानी करिब पौने २ अर्बले बढेको राष्ट्र बैंकले जनाएको छ ।

आयातमा संकुचन र रेमिट्यान्समा उल्लेख्य वृद्धि हुँदा चालु आर्थिक वर्षमा निक्षेपको वृद्धिदर उल्लेख्य देखिन्छ । तर, कर्जाको माग न्यून हुँदा बैंकहरुले ब्याजदर पनि घटउँदै लगेका छन् । मंगलबार १० अर्बको निक्षेप संकलन उपकरण परिपक्व हुँदै गर्दा ३५ अर्बको निक्षेप संकलन उपकरण बोलकबोल मार्फत राष्ट्र बैंकले तरलता खिचेको हो ।

२२ पुसमा विकास ऋणपत्र बोलकबोल मार्फत सरकारले ७ अर्ब आन्तरिक ऋण उठाएको थियो । यस्तै २३ पुसमा पनि ट्रेजरी बिल बोलकबोल मार्फत ३ अर्ब गरी १० अर्ब आन्तरिक ऋण परिचालन गरेको थियो । २ दिनमा १० अर्ब आन्तरिक ऋण परिचालन गर्दा पनि अन्तरबैंक ब्याजदर ३ प्रतिशतभन्दा तलै रहेकोले मंगलबार ३५ अर्ब तरलता खिच्न लागिएको राष्ट्र बैंकले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कानुनमन्त्री श्रेष्ठको प्रगति: पत्रकारको बीमादेखि प्रहरीलाई भवनसम्म

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले आर्थिक वर्ष २०८०/८१ मा भएको कार्यप्रगति विवरण सार्वजनिक गरेका छन् ।

सोमबार मन्त्री श्रेष्ठले सञ्चारकर्मीसँग साक्षात्कार कार्यक्रम गर्दै मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा हालसम्म भएको कार्यप्रगति विवरण सार्वजनिक गरेका हुन् । उनको प्रगति विवरणमा पत्रकारको बीमादेखि प्रहरीको भवन निर्माणसम्म छ । मन्त्रालयले १९ वटा क्रमागत र पाँचवटा नयाँ प्रहरी ईकाई भवनको बहुवर्षीय सुनिश्चिता पश्चात निर्माणका लागि जम्मा २६ करोड ५५ लाख रुपैंया बागमती प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी एकाईलाई अख्तियारी प्रदान गरिएको साथै भौतिक संरचनाको संरचनात्मक सुधारको लागि थप ५ करोड ५६ लाख पनि अख्तियारी दिएको जानकारी दिए ।




यसैबीच ११ वटा प्रहरी भवनको उद्घाटन भएको, प्रदेशस्तरीय सुरक्षा तथा अपराध अनुसन्धान गोष्ठी धुलिखेलमा सम्पन्न भएको, रामेछापमा आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्बन्धित सरोकारवालावीच सञ्चालन गरिएको र काठमाडौंमा सबै प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रीको सहभागितामा प्रहरी समायोजन लगायत मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी गोष्ठी सम्पन्न गरेर तुरुन्तै प्रहरी समायोजन गर्न प्रधानमन्त्री र गृहमन्त्रीको ध्यानाकर्षण गराएको कुरा पनि प्रगति विवरणमा समावेश गरिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विभिन्न ऐन तथा कार्यविधि पनि तर्जुमा गरेको छ । जस अनुसार चलचित्र सम्वन्धि ऐन तर्जुमाका लागि मन्त्रीपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइ तर्जुमाको क्रममा रहेको मन्त्री श्रेष्ठले जानकारी दिए । मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि द्वन्द्वपीडितका लागि सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०, मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सन्चालन सम्वन्धी कार्यविधि २०८०, जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि २०८०, यूवा सचेतना कार्यक्रम सन्चालन कार्यविधि २०८० र स्थानीय न्यायीक सहजकर्ता नियुक्ति तथा परिचालन सम्वन्धी कार्यविधि २०८० तर्जुमा गरिएको पनि स्पष्ट पारिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट यस एकवर्षको अवधिमा ऐन, नियमावली, कार्यविधि, मापदण्ड र आदेश गरेर जम्मा २९ वटा राजपत्रमा प्रकाशित भएको जानकारी दिए । मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७८ बमोजिम प्रदेश सरकारको हिस्सावापत जम्मा एक हजार ३३७ लाभग्राहीलाई तीन करोड १७ लाख १० हजार रुपैयाँ प्रदान गरिएको जनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीलाई राहत वितरण प्रयोजनार्थ कुल १० लाख रुपैयाँ र गोलन्जोरमा वेश स्थापना सहयोगको लागि कुल ५ लाख ९६ हजार रुपैयाँ प्रदान गरिएको उल्लेख गरिएको छ । मन्त्री श्रेष्ठले वहुवर्षीय आयोजना (विपद् गुल्म भवन निर्माण, सुरक्षाकर्मी आवास गोदामघर काभ्रे) को निर्माण अन्तिम चरणमा रहेको बताए । उनले बागमती प्रदेशको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयार गरी स्वीकृत भएको पनि जानकारी दिए ।

विपद् व्यवस्थापनसम्बन्धी सरोकारवालासँग रसुवा र दोलखामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको र विपद् व्यवस्थापनसम्बन्धी सचेतना फैलाउने उदेश्यले चितवनको र त्ननगर नगरपालिकामा आगलागी सम्बन्धी सैद्वान्तिक र प्रयोगात्माक कक्षामार्फत सामुदायिक विद्यालय र स्थानीयवासीसँग सचेतनामुलक कार्यक्रम गरिएको पनि बताइएको छ । मन्त्री श्रेष्ठका अनुसार अन्तर प्रदेश सहयोगस्वरुप कर्णाली प्रदेशमा प्रभावित भुकम्पपीडितलाई अन्तर प्रदेश सहयोगस्वरुप खोज उद्दार, उपचार, राहत तथा पुनर्स्थापनाको लागि एक करोड ५० लाख रुपैयाँ प्रदान गरिएको छ ।

उनले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीय तहलाई दुई करोड ३५ लाख रुपैयाँ प्रदान गरिएको पनि जानकारी दिए । उनले बागमती प्रदेश अन्तर गतका ७२ गाउँपालिकामा स्थानीय न्यायिक सहजकर्ताको आवेदन, अन्तरवार्ता, छनोट तथा सम्बन्धित पालिकामा सिफारिस गरिएको र नियुक्त ७२ स्थानीय न्यायीक सहजकर्तालाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण कार्यक्रम ललितपुरमा सम्पन्न भएको पनि उल्लेख गरे ।

२३ जनाको सहभागितामा अनलाईन पत्रकारिता तालिम, रेडियो प्राविधिकलाई तालिम तथा मल्टिमिडिया तथा मोबाइल पत्रकारिता तालिम सम्पन्न भएको, ४ सय ४० जना पत्रकारको सामूहिक दुर्घटना बीमा लागु गरिएको, चितवनमा ३१ जना महिला पत्रकारलाई समाचार लेखन तथा सम्पादन तालिम चितवनमा प्रदान गरिएको पनि मन्त्री श्रेष्ठले उल्लेख गरे । विधागत पत्रकारिता, साईबर सुरक्षा जस्ता समय सान्दर्भिक विषयमा पुस्तक प्रकाशन गरिएको र पत्रकार परिचयपत्र नयाँ ७८, अनलाइन पत्रकारिता इजाजतपत्र १८ र एफएम रेडियो २५० वाट क्षमताको इजाजतपत्र प्रदान गरिएको पनि प्रगति विवरणमा उल्लेख गरिएको छ ।

# चेपाङ बाहुल्य क्षेत्रलाई विशेष क्षेत्र घोषणाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशका चेपाङ बाहुल्य क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी विशेष कार्यक्रम ल्याउन लागिएको बताएका छन् ।

प्रदेशका धादिङ, मकवानपुर र चितवनलाई यसअघि नै संरक्षित क्षेत्र घोषणा गरेको प्रदेशले सीमान्तकृत चेपाङ समुदायको उत्थानका लागि 'चेपाङ चिउरी र चमेरो' कार्यक्रम कार्यान्वयन गर्न कार्यविधिसमेत पास गरिसकिएको मुख्यमन्त्री जम्कट्टेलले बताए ।

मकवानपुरको राक्सिराङ गाउँपालिकाको चैनपुरमा सोमबार भएको गाउँसभाको हिउँदे अधिवेशन उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री जम्कट्टेलले धादिङको बेनिघाट रोराङ र गजुरी, चितवनको इच्छाकामना, कालिका, राप्ती र मकवानपुरको राक्सिराङ गाउँपालिकालाई चेपाङ विशेष क्षेत्र घोषणा गरी विभिन्न कार्यक्रम लागू गर्ने तयारी गरिएको बताए । चेपाङ समुदायको विकासको लागि बागमती प्रदेश सरकार लागि रहेको बताउँदै उनले विशेष क्षेत्रमा अध्ययन तथा कार्यक्रम ल्याउन अध्ययन टोली खटाइएकोसमेत बताए ।

प्रदेश सरकारले गृहिणी महिला, युवा लक्षित र किसान लक्षित कार्यक्रमहरु सञ्चालन गरि रहेको उनले बताए । मनहरी हुँदै राक्सिराङको चैनपुरबाट मलेखु निस्कने बाटो महत्वपूर्ण रुट रहेकाले प्रदेश सरकारले माघभित्रै सडक स्तरीकरणको काम सुरु गर्ने मुख्यमन्त्री जम्कट्टेलले बताए । समयमै काम नगर्ने ठेकेदार कम्पनीको सम्झौता रद्द गरेको बताउँदै विकास निर्माणको विषयमा प्रदेश सरकार दृढपूर्वक अगाडि बढेको स्पष्ट पारे । गणतन्त्र विरोधी शक्ति सलबलाएको बताउँदै प्रदेश चाहिँदैन भनेर आवाज निकाल्न थालेकाले सबै राजनीतिक दलहरु यसमा सजग हुनुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा नेकपा एमाले संसदीय दलका सचेतक महेश वर्तौलाले गाउँपालिकाले कृषि, उद्यम र पर्यटनलाई प्राथमिकता दिँदै गर्दा शिक्षालाई पनि उत्तिकै जोड दिनुपर्ने धारणा राखे । आमजनताको विकास सबैको साझा एजेन्डा भएको बताउँदै उनले सबै जनप्रतिनिधिले समन्वय र सहकार्य गरेर अघि बढ्नुपर्नेमा वर्तौलाले जोड दिए । कार्यक्रममा सहभागी अतिथिहरुले गाँजा खेतीलाई वैधानिकता दिन पहलकदमी गर्नुपर्नेमा जोड दिइरहेका बेला मकवानपुर क्षेत्र नम्बर २ का सांसद वर्तौलाले गाँजा वैधानिकता बनाउँछु आफूले भोट नमागेको र गाँजा बैधानिकता गर्दा धेरै चुनौती रहेको औंल्याए ।

बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले राक्सिराङ, कैलाशलगायतका विकट क्षेत्रको विकासमा आफू र आफ्नो पार्टी नेपाली कांग्रेसले महत्वपूर्ण भूमिका खेलेको बताए । संयुक्त राष्ट्रसंघले समेत गाँजालाई जडिबुटीजन्य बिरुवाको सूचीमा राखिएको भन्दै गाँजाखेतीलाई नेपालमा निश्चित कानुन बनाएर वैधानिकता दिन सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका पूर्वभौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङ, संविधानसभा सदस्य गोविन्दराम चेपाङ, बागमती प्रदेशसभाका पूर्वसदस्य ओम ग्लान, गाउँपालिका उपाध्यक्ष वनस्तम थिङ, राष्ट्रिय स्वतन्त्र पार्टी राक्सिराङ अध्यक्ष राजन मल्ललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# गुरुङले मानवसेवा आश्रममा मनाए जन्मदिन

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हेटौंडा उपमहानगरपालिका-६ चौघडा निवासी स्वास्थ्यकर्मी तथा समाजसेवी राजु गुरुङले आफनो जन्मदिन हेटौंडामा रहेको मानवसेवा आश्रममा मनाएका छन् ।

गुरुङले मानवसेवा आश्रममा आश्रित २ सय ३० जनालाई न्यानो कपडा र १ छाक खाना खुवाएर जन्मदिन मनाएका हुन् । कार्यक्रममा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले बृद्धबृद्धाको सेवा नै मानवको सबैभन्दा ठूलो सेवा भएको बताइन् । गुरुङले जन्मदिन मानवसेवा आश्रममा मनाएर पुण्य कमाएको बताउदै मन्त्री मोक्तानले सामाजिक विकास मन्त्रालयले मानवसेवा आश्रमलाई सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

सो अवसरमा गुरुङले भविष्यमा समेत मानवसेवा आश्रमलाई सहयोग गर्ने बताए । गुरुङले अशक्त, अपाङ्ग, खेलकुद, शिक्षालगायतको क्षेत्रमा समेत सहयोग गर्दै आएका छन् । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतम, आश्रमकी उपाध्यक्ष उमा भण्डारी, सञ्चारकर्मी भीमसेन पौडेल, स्थानीय केदार अधिकारी, सुदर्शन थापालगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय बुद्धिचाल च्याम्पियनसिपमा मकवानपुरको पाँच सदस्यीय टोली

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ ललितपुरमा पुस २३ गतेबाट सुरु तुल्सीलाल स्मृति राष्ट्रिय क्लव टिम बुद्धिचाल च्याम्पियनसिप-२०८० मा मकवानपुरको पाँच सदस्यीय बुद्धिचालको टोली सहभागी भएको छ ।

प्रतियोगितामा भाग लिन जिल्ला बुद्धिचाल संघ अध्यक्ष मनोज श्रेष्ठको व्यवस्थापनमा ५ सदस्यीय टोली तयार भएको हो । मकवानपुरे टोलीले कृष्ण थापाको नेतृत्व (कप्तानी)मा सिंगेस्वर दास, सुदेन ट्वीट्वी, अनुष्न गौतम, जियोन श्रेष्ठ र म्यानेजर सुरेन्द्रबहादुर कर्माचार्य प्रतियोगितामा भाग लिन प्रस्थान गरिसकेको अध्यक्ष मनोज श्रेष्ठले जानकारी दिए । लिग कम नकआउट आधारमा हुने प्रतियोगिताको विजेता टोलीले २ लाख, दोस्रो टोलीले १ लाख २० हजार, तेस्रोले ६० हजार र चौथो हुने टोलीले ४० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीले समान १० हजार रुपैयाँ पुरस्कार पाउने आयोजकले जनाएको छ । प्रतियोगितामा कुल ४ लाख ७० हजार रुपैयाँ पुरस्कार रहेको प्रदान गरिने नेपाल बुद्धिचाल संघका महासचिव धरम लामाले जानकारी दिए । विगत भन्दा फरक शैलीमा खेलाइने प्रतियोगिताका प्रत्येक टिममा वैकल्पिक सहित ५ जना खेलाडी रहनेछन् । जस अनुसार प्रतियोगिता संरचनामा खेलाडीलाई ए,बी,सी र डी गरिन चार समूह विभाजन गरिएको छ ।

समूह 'ए' मा टाइटल प्राप्त खेलाडी, पूर्वनेपाल च्याम्पियन, राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट दश स्थान प्राप्त खेलाडी तथा १९०० रेटिङ माथिका खेलाडी छन् । समूह 'बी' मा १९०० रेटिङ मुनिका खेलाडी, समूह 'सी' मा यु २० र समूह 'डी' मा यु १६ वा महिला खेलाडी रहनेछन् । वैकल्पिक खेलाडीमा जुन समुहको खेलाडी हो त्यही ठाउँमा प्रतिस्पर्धा गर्न पाउने प्रावधान रहेको बताइएको छ । प्रतियोगितामा साविक विजेता थापाथली चेस पार्क क्लब, मकवानपुर जिल्ला बुद्धिचाल संघ, ललितपुर स्पोर्ट्स क्लब, गोल्डेन गेट क्लब लगायत २० टोलीको सहभागिता रहने आयोजकले जनाएको छ ।

# प्रजा माविका २७ विद्यार्थी परिवारलाई खाद्यान्न

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मानवअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था हिमराइट्स मकवानपुरले राक्सिराङ गाउँपालिका-५ स्थित प्रजा जागृति माध्यमिक विद्यालयमा अध्ययनरत २७ जना विद्यार्थीका परिवारलाई खाद्यान्न प्रदान गरेको छ ।

हिमराइट्सले आर्थिक अभावका कारण पढाइबाट बन्चित हुने सम्भावना भएका र पढाइ छाडेर श्रममा जान सक्ने जोखिममा रहेका विद्यार्थीका परिवारलाई चामल, चिउरा, दाल, तेलसहितका खाद्यान्न बितरण गरेको हो । हिमराइट्सकी कार्यक्रम संयोजक कुमारी वाइबाले आर्थिक अभावका कारण पढाइबाट बन्चित नहोस् भन्ने उद्देश्यले विद्यार्थीका परिवारलाई खाद्यसामग्री बितरण गरिएको बताइन् ।

खाद्यान्न हस्तान्तरण गर्दै राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले खाद्यान्न, स्टेशनरी तथा पोशाकजस्ता कुराहरुको व्यवस्थापनले गर्दा विद्यार्थीहरु विद्यालयमा आउने वातावरण तयार हुने र बालबालिकालाई पनि पढाई सहज हुने भन्दै हिमराइट्सलाई धन्यवाद दिए । कार्यक्रममा नेपाल चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङ, सञ्चारकर्मीहरु, २७ जना विद्यार्थीका अभिभावकहरु, शिक्षक लगायतको सहभागिता रहेको थियो ।

प्रधानाध्यापक सूर्यबहादुर प्रजाको सभाध्यक्षतामा भएको कार्यक्रमको संचालन अधिकारवादी एबम् माइती नेपालकी संयोजक माया लामाले गरेकी थिइन् ।

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौडाको
## कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/२४)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न बमोजिमको पदस्थायी पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (सात) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपिहरु समेत संलग्न गरी क्याम्पसबाट उपलब्ध गराइएको दरखास्त फारम भरी कार्यालय समयभित्र बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं.:** १२/२०८०/२०८१
**पद:** लेखा अधिकृत (सहायक प्रशासक सरह)
**संख्या:** १ (एक)
**न्यूनतम योग्यता:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा अर्थशास्त्र, गणित, तथ्यांक शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको
**छनौट विधि :** लिखित, मौखिक र प्रयोगात्मक
**पाठ्यक्रम:** लोकसेवा आयोगले तोके अनुसार
**पारिश्रमिक :** क्याम्पसको नियमानुसार ।
**दरखास्त दस्तुर :** रु. १,०००। (एक हजार) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**
**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौडाको
## शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/२४)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपि र एक प्रति फोटो सहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) आव्हान गरिएको छ ।

**विज्ञापन नं.:** १०/२०८०/२०८१
**विषय:** सूचना तथा प्रविधि (Information & Technology)
**पद:** सहायक प्राध्यापक (पूर्णकालीन करार)
**संख्या:** १ (एक)
**न्यूनतम योग्यता:-** सूचना तथा प्रविधि(MICTE वा M.Sc. CSIT वा MCA वा MIT वा ME in Computer Engineering वा सो सरह) विषय लिई स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।
छनौट विधि : लिखित, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।

**विज्ञापन नं.:** ११/२०८०/२०८१
**विषय:** व्यावसायिक कानुन (Business Law)
**पद:** कोर्ष करार शिक्षक
संख्या: १ (एक)
**न्यूनतम योग्यता:-** कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा सो सरह वा कुनै एक बिषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भई कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमास्नातक तह उत्तीर्ण भएको
**छनौट विधि :** कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
**पारिश्रमिक :** क्याम्पसको नियमानुसार ।
**दरखास्त दस्तुर :** रु. ५००। (पाँच सय) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**
**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना